कोगानेई सिटी

तपाइँको फोहोर कसरी छुट्याउने?

फोहोर सही तरिकाले छुट्याउनुहोस् ।

कोगानेई सिटी, वातावरण विभाग, फोहोर व्यवस्थापन शाखा,
Tel: 0570-00-5371

※यदि तपाई मोबाइल फोन वा आईपी फोन जस्ता फ्ल्याट रेट वा निःशुल्क कल छुट सेवा प्रयोग गर्दै हुनुहुन्छ भने कृपयाः 042-387-9835 मा फोन गर्नुहोस् ।

- कृपया फोहोर राम्रोसँग छुट्याउनुहोस् र बिहान 8:30 सम्म तोकिएको फोहोर फाल्ने ठाउँमा लगेर राख्नुहोस् ।
- जल्ने फोहोर, प्लाष्टिक तथा नजल्ने फोहोरहरू सिटीद्वारा तोकिएको झोला किनेर उक्त झोलामा राखि फाल्नुहोस् । फोहोर फल्नु अगाडि झोलाको मुख राम्रोसँग बाँध्नुहोस् ।
- पुनः प्रयोग गर्न मिल्ने वस्तुहरू तथा खतरायुक्त फोहोर झोलामा राखेर फाल्दा झोलासमेत फोहरको रूपमा मानिन्छ । त्यसैले सकेसम्म यस्ता फोहोरलाई टोकरीमा राखेर फाल्नुहोस् । त्यसो त अर्धपारदर्शी झोलामा राखेर पनि फाल्न सक्नुहुनेछ ।
- मुख्यतया 40 सेन्टिमिटर भन्दा लामो र 5 केजी भन्दा बढी तौल भएको फोहोर वृहदाकार फोहोर मानिन्छ ।

सिटीले तोकेको शुल्क तिरेर किन्नुपर्ने फोहोर फाल्ने झोला

फोहोर फाल्नको लागि सँधै सिटीले तोकेको झोला किनेर प्रयोग गर्नुहोस् ।
फोहोर फाल्नु अगाडि झोलाको मुख राम्रोसँग बाँध्नुहोस् ।

जल्ने फोहोर

हप्तामा 2 पटक संकलन

वाटरप्रुफ कागजको कप आदि | भान्साबाट निस्कने जल्ने फोहोर (पानी निथरेर फाल्नुहोस ।) | प्रशोधित काठ

जल्ने फोहोर फाल्ने दिनमा पारदर्शी अथवा अर्धपारदर्शी झोलामा राखेर फाल्न मिल्ने फोहोर (निःशुल्क)
फाल्ने डायपर (डायपरको फोहोर हटाउनुहोस् ।)

"おむつ" (डायपर) भनेर लेख्नुहोस् । (वयस्क र बच्चा दुवैका लागि)
नोटः पाल्तु जनावरका डायपरका लागि सिटीद्वारा स्वीकृत प्राप्त झोला किनेर प्रयोग गर्नुहोस् ।

प्लाष्टिक

हप्तामा 1 पटक संकलन

- **100 प्रतिशत प्लाष्टिकजन्य वस्तुबाट बनेको वस्तुहरू**
- **फाल्नु अगाडि धोएर सुख्खा बनाउनुहोस् ।**



प्लाष्टिकको झोला | सावुन वा डिटर्जेन्टका भाँडो | पोलिस्टाइरिन फोम

नजल्ने फोहोर
- धुँदा फोहर नजाने वस्तुहरू

- धातु, काठ वा रबरजस्ता वस्तुहरू मिसिएको प्लाष्टिकजन्य वस्तुहरू
- खेलौनाहरू
- ह्याङ्गरहरू (मिसावट भएको सामग्री)
- चपिङ बोर्ड (प्लाष्टिक)

नजल्ने फोहोर

2 हप्तामा 1 पटक संकलन

एल्मुनियम फोइल | झोला | कपाल सुकाउने मेसिनजस्ता साना घरेलु उपकरण

- विजुलीका वल्वहरू
- LED ट्युव

भाँडाकुडा | जुत्ता | छाता

नोटः छाता, यकिट (टेनिस, व्याडमिन्टन आदि), हावा हाल्ने पम्प झोलाबाट बाहिर निस्के पनि संकलन गरिनेछ ।

पुनः प्रयोगयोग्य फोहोर र हानिकारक फोहोर प्रत्येक 2 हप्तामा 1 पटक निःशुल्क संकलन गरिन्छ ।

झोला पनि फोहोर बन्ने भएकोले सकेसम्म वस्तुहरू बास्केट (टोकरी) मा राख्ने प्रयास गर्नुहोस् ।
नोटः 1. हानिकारक फोहोरलाई झोलामा राखी फाल्नुहोस् ।
2. यदि फोहोरलाई झोलामा राख्दै हुनुहुन्छ भने फोहोरको प्रकार अनुसार छुट्टाछुट्टै झोलामा राख्नुहोस् ।

प्लाष्टिकका बोतल

पेय पदार्थ, मदिरा र मसला (जस्तै सोया सस, मिरिन आदि) का बोतल जसमा PET चिन्ह उल्लेख गरिएको छ ।

- ढक्कन र लेबल हटाएर प्लाष्टिकको रूपमा फाल्नुहोस् ।
- फाल्नु अगाडि राम्रोसँग धोएर फाल्नुहोस् ।
- यदि सफा गर्न नसिकने अवस्था भएमा त्यस्ता बोतलहरूलाई नजल्ने फोहोरको रूपमा फाल्नुहोस् ।

खाली क्यान



मिठाइका क्यान

वियर, जुस, चिया आदि जस्ता एल्मुनियम तथा स्टिलका क्यान

- फाल्नु अगाडि भित्र राम्रोसँग पखाल्नुहोस् ।
- यदि भित्र सफा गर्न नसिकने अवस्था भएमा नजल्ने फोहोरको रूपमा फाल्नुहोस् ।

धातुका सामान



चम्चा तथा काँटा | भाँडो | चक्कु

- चक्कुजस्ता धारिलो वस्तुलाई कागजले बेरेर त्यसमाथि देखिने गरी जापानी भाषामा "きけん" (खतरा) लेखेर फाल्नुहोस् ।
- काँटी अर्थात किला जस्ता साना वस्तुहरूलाई एकैठाउँमा सँगालेर प्लाष्टिकको झोलामा राखेर फाल्नुहोस् ।

शिसाका बोतल

नोटः बोतल खाली नभएको अवस्थामा संकलन हुन सक्दैन ।

रक्सी जाम आदि जस्ता खाद्य पदार्थ वा पेय पदार्थ भएका शिसाका बोतल र जार, कस्मेटिक बोतल

- फाल्नु अगाडि भित्र राम्रोसँग पखाल्नुहोस् ।
- विर्को अथवा ढक्कन निकाल्नुहोस् ।

धातु → नजल्ने फोहोर
प्लाष्टिक → प्लाष्टिकको फोहोर

- शिसाको पत्ता, शिसाका भाँडा
- सफा गर्न नसकिने शिसाको बोतल
- दूधदानी अथवा दूधको बोतल →नजल्ने फोहोरमा फाल्नुहोस् ।

स्प्रेका क्यान

नोटः अन्य नजल्ने फोहोर अथवा अन्य फोहोरसँग नमिसाउनुहोस् । यसले आगोलागी अथवा विस्फोट हुन सक्छ ।

स्प्रे क्यानहरू (जस्तैः एयर फ्रेशनरका लागि प्रयोग हुने), एरोसोल क्यानहरू र टेबलटप स्टोभका लागि ग्याँस क्यासेटहरू

- प्वाल नपारिकन फाल्न सक्नुहुनेछ ।
- भित्र बाँकी भए पनि फाल्न सकिनेछ ।
- क्लोरोफ्लोरोन कार्वन भएको अथवा समावेश भएको वस्तु संकलन हुँदैन ।
- प्लास्टिकबाट बनेको भए पनि, यदि कन्टेनरमा "火気厳禁"आगो निषेध वा "高温に注意" (उच्च तापक्रममा सावधान) लेखिएको छ भने, त्यसलाई स्प्रे क्यानको रूपमा फाल्नुहोस् ।

खतरानक फोहोर

व्याट्रीका प्रकारः (ड्राइसेल, वटन वाला तथा चार्जेवल व्याट्री) | लाईटरका प्रकार | ट्युव लाइटहरू

- फोहोर पारदर्शी अथवा अर्धपारदर्शी झोलामा राखेर फाल्नुभन्दा अगाडि "ゆうがい" (हानिकारक) भनेर लेखेर टाँस्नुहोस् ।
- ब्याट्री र फ्लोरेसेन्ट बत्तीहरू फरक-फरक झोलामा राख्नुहोस् ।
- यदि चार्ज गर्न मिल्ने ब्याट्री निकाल्न नसकिने साना घरेलु उपकरणहरू छन् भने "でんちがはずせない" (ब्याट्री निकाल्न नसकिने) भनेर कागजमा लेखेर फाल्नुहोस् ।

नोटः ब्याट्रीलाई कसैगरे पनि जल्ने फोहोरमा नमिसाउनुहोस् । आगोलागी अथवा विस्फोट हुने सम्भावना रहन्छ ।

पुराना कागज र कपडा (पुनः प्रयोग गर्न मिल्ने) हप्तामा 1 पटक निःशुल्क

कागजका फोहोर

कागजको झोलामा राखेर फाल्नुहोस् ।

पत्रिका

डोरीले बाँध्नुहोस् । झोलामा नराख्नुहोला ।

म्यागजिन तथा किताव

डोरीले बाँध्नुहोस् । झोलामा नराख्नुहोला ।

गात्ता

पट्याएर डोरीले बाँध्नुहोस् ।

कागजका प्याक

भित्र सेतो भाग भएका प्याकहरू । धोएर सुख्खा बनाएर पछि काटेर डोरीले बाँध्नुहोस् ।

टुक्रा कागज

45 लिटरको पारदर्शी अथवा अर्धपारदर्शी झोलामा राखेर भित्रको सबै हावा निकालेर बाँध्नुहोस् ।

कपडा

- यदि बिहान करीव 8:30 वजे पानी परेको अवस्थामा कपडा मात्र संकलन गरिंदैन ।
- 45 लिटरको पारदर्शी अथवा अर्धपारदर्शी झोलामा राख्नुहोस् ।
- मोजा जोडी मिलाएको अवस्थामा मात्र कपडाको रूपमा संकलन गरिनेछ । स्वच्छताको लागि भित्री वस्त्र र मोजा धोएर फाल्नुहोस् ।

○ फाल्न मिल्ने वस्तुहरूको उदाहरणः कपडा, तन्ना, तौलिया-कम्बल, कम्बल, टोपी आदि ।
× फाल्न नमिल्ने वस्तुहरूको उदाहरणः कुसन, सिरक, कार्पेट, स्वीमिङ कस्टम आदि ।

रूखका हाँगा, घाँसपात, झरेका पतिंगर 2 हप्तामा 1 पटक निःशुल्क संकलन गरिन्छ ।



1) रूखाका हाँगाहरू
डोरीले बाँधेर मुठा पार्नुहोस् । (धातुको डोरी प्रयोग नगर्नुहोस् ।)
15 सेन्टिमिटर भन्दा बढी मोटाई, 1 मिटरभन्दा बढी लम्बाई भएको रूखका हाँगाहरू वृहदाकार फोहोरमा फाल्नुहोस् ।
2) झ्झारपात, झरेका पातहरू
45 लिटरको पारदर्शी अथवा अर्धपारदर्शी झोलामा राख्नुहोस् ।

वृहदाकार फोहोर सःशुल्क (आवेदन दिन आवश्यक)



टेवल

साइकल

संकलनको प्रकृया

1) फाल्ने वस्तुको प्रकार, संख्या र त्यसको साईजको पुष्टि गर्नुहोस् ।
2) वृहदाकार फोहोर सेन्टरमा फोन गर्नुहोस् । (Tel: 042-387-9829)
3) वृहदाकार फोहोरको टिकट किन्नुहोस् । (कन्भिनियन्स स्टोर अथवा सिटीले तोकेको अन्य पसलहरूमा पाइन्छ ।)
4) तपाईको घरको फोहोर फाल्ने ठाउँमा तोकिएको संकलन गर्ने दिनमा विहान 8:30 मा लगेर राख्नुहोस् ।

- आवेदन सोमबारदेखि शुक्रबार विहान 8:30 देखि साँझ 5:15 सम्म गर्न सकिनेछ ।
  नोटः आवेदन राष्ट्रिय विदाका दिनहरूमा पनि गर्न सकिनेछ । (शनिवार, आईतवार र वर्षको अन्त्य तथा नयाँ वर्षको विदाहरूमा भने बन्द रहनेछ ।)
- वडा कार्यालयको दोस्रो भवनको चौथो तलामा रहेको फोहोर व्यवस्थापन विभागको काउन्टरमा गएर पनि आवेदन गर्न सकिनेछ ।
  नोटः शनिवार, आईतवार, राष्ट्रिय विदाका दिन, वर्षको अन्त्य तथा नयाँ वर्षको विदाका दिनहरूमा भने बन्द रहनेछ ।